# कैलारी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
हसुलिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

सम्पर्क नं. ०९१-५४५०१५
इमेलः kailarigaupalika@gmail.com
वेवसाइटः kailarimun.gov.np


प.सं. २०८१/०८२ (सा.सु.तथा पञ्जीकरण)
च.नं. ४६२६

मितिः २०८२/०३/३०

**विषयः सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा सूचिकरण सम्बन्धमा ।**

श्री वडा कार्यालय सबै
कैलारी गाउँपालिका
हसुलिया, कैलाली ।

उपर्युक्त विषय सम्बन्धमा आ.ब. २०८२/०८३ मा यस कैलारी गाउँपालिका अन्तर्गतका सम्पूर्ण सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्न गराउन हुन तथा यसै पत्रसाथ संलग्न परिपत्र तथा सूचना सूचनापाटीमा टाँस गरिदिन हुन अनुरोध छ ।

खगेन्द्र राज जोशी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत

CamScanner

# कैलारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हसुलिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

सम्पर्क नं. ०९१-५४५०१५
इमेलः kailarigaupalika@gmail.com
वेवसाइटः kailarimun.gov.np


## सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना

उपर्युक्त सम्बन्धमा सामाजिक सुरक्षा नियमावली (पहिलो संशोधन),२०७६ को नियम ९ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ४ अनुसार आ.व.२०८२/०८३ मा सामाजिक सुरक्षा भत्ता प्रास गर्न श्रावण १ गतेदेखि भाद्र मसान्त भित्र परिचयपत्र नवीकरण गरिसक्नु पर्ने प्रावधान बमोजिम यस गाउँपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्रास गर्ने लाभग्राहीहरुले आफै उपस्थित भई सम्बन्धित वडा कार्यालयमा तोकिएको समयमै सामाजिक सुरक्षा परिचपपत्र नवीकरण गराउन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरु**

१. हालसालै खिचेको पासपोर्ट साइजको फोटो -१ प्रति
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी- १ प्रति ।
३. राष्ट्रिय परिचयपत्र नं. अथवा नभएको हकमा राष्ट्रिय परिचयपत्रका लागि दिएको आवेदन नं. को प्रतिलिपि
४. अपाङ्गता भएका व्यक्तिको हकमा अपाङ्गता परिचयपत्रको प्रतिलिपी -१ प्रति।
५. बालपोषण भत्ताको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी र आमा/बाबु/संरक्षक मध्ये १ जनाको नागरिकता प्रमाणपत्रको प्रतिलिपी-१/१ प्रति ।
६. विधवा महिला (६० वर्ष भन्दा मुनी) को हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपी र अविवाहित प्रमाणित गरेको प्रतिलिपी-१/१ प्रति ।
७. जेष्ठ नागरिक एकल महिला (६० वर्ष भन्दा माथि) को हकमा पतिको मृत्यु दर्ताको प्रतिलिपि/सम्बन्धविच्छेद प्रमाणपत्रको प्रतिलिपि/विवाह नगरेको प्रमाणित पत्र समेत-१/१ प्रति ।

खगेन्द्र राज जोशी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत

CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
(सामाजिक सुरक्षा शाखा)

फोन : ४४११५६१, ४४६८८६८, ४४६३०५६, ४२००८९५
फ्याक्स : ४२०००१८
सिंहदरबार, काठमाडौं
Website : www.donidcr.gov.np
E-mail : info@donidcr.gov.np
vital@donidcr.gov.np

पत्र संख्या : २०८०/०८१
चलानी नं. : ३३९

मिति: २०८२/०३/३०
ने.सं. ११४५

विषय: सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा लाभग्राही सूचीकरण सम्बन्धमा।

श्री स्थानीय तह सबै ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (९) तथा समाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) बमोजिम सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको भदौ मसान्तभित्र (श्रावण एक गते देखि ऐ. भाद्र मसान्त सम्म दुई महिना) सम्बन्धित वडा कार्यालयमा आफै उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु पर्ने व्यवस्था रहेको व्यहोरा विदितै छ ।सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा लाभग्राही सूचीकरण गर्दा देहाय अनुसार गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

<u>देहाय:</u>

क. राष्ट्रिय परिचयपत्र वा परिचय नम्वर प्राप्त गरेका लाभग्राहीको हकमा अनिवार्य NIN, Fingerprint scanner वा Iris डिभाईस मार्फत Verification गरी सम्वन्धित वडा कार्यालयबाट नवीकरण गरिदिने ।यदि कुनै कारणले Biometric Verification हुन नसकेमा अन्य विकल्प जस्तै Alpha Authentication (NID मा उल्लेख भएको वैयक्तिक विवरण तथा Photo) बाट Verification गरी नवीकरण तथा सूचीकरण गरिदिने ।

ख. नयाँ लाभग्राहीको रुपमा सूचीकरण हुन वा नवीकरणका लागि लाभग्राहीले NIN उपलब्ध गराएको तर कुनै पनि माध्यमवाट NIN Verification हुन नसकेमा प्रणालीमा सोही कुरा कैफियत जनाई सूचीकरण तथा नवीकरण गरिदिने ।

ग. बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने, अशक्त, असहाय वा नब्वे वर्ष माथिका जेष्ठ नागरिकको हकमा राष्ट्रिय परिचयपत्र नभए तापनि लाभग्राहीको रुपमा सूचीकरण वा नवीकरण गरिदिने ।

घ. म्याद भित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरिने र लगत कट्टा भएका व्यक्तिले पुनः लाभग्राहीमा सूचीकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकाले सोही बमोजिम गरिदिने ।

ङ. आर्थिक वर्ष ०८२/८३ को बजेट वक्तव्यको बुँदा नं ३७५ मा आगामी आर्थिक वर्षदेखि (२०८२ साल श्रावण १ गते देखि) ७० वर्ष पूरा भएका नागरिकले जेष्ठ नागरिक भत्ता प्राप्त गर्ने व्यवस्था उल्लेख भएको हुँदा सोही बमोजिम जेष्ठ नागरिक अन्तर्गत नयाँ लाभग्राही सूचीकरण गर्ने । हाल प्राप्त गरीरहेका, दुर्गम क्षेत्र र लक्षित वर्गका जेष्ठ नागरिकका हकमा भत्ता पाउने उमेर यथावत रहेकोले सोही बमोजिम नवीकरण गरिदिने ।

(सानुबाबु अधिकारी)
निर्देशक

दर्ता नं. १२०२८
मिति २०८२।३।३०

Scanned with CamScanner
CamScanner